नेपाल सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रे
फोन नं ०११-४१५०५५

# शैक्षिक सत्र २०७५/७६ मा डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङ्ग कार्यक्रममा पूर्ण शुल्कीय, आंशिक तथा पूर्ण छात्रवृत्तिमा भर्ना हुन प्रवेश परीक्षा सञ्चालनका लागि आवेदन फाराम भर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मितिः२०७५/०३/२०

यस भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, काठमाण्डौं विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषदको त्रिपक्षीय सहकार्यमा संचालन गरिने ३ बर्षे डिप्लोमा इन जियोम्याटिक्स इन्जिनियरिङ्ग कोर्षमा अध्ययन गर्नका लागि लिखित प्रवेश परीक्षाको प्रतिस्पर्धाका आधारमा विद्यार्थी छनौट गरी संचालन गरिने भएकाले देहायबमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट तपसिलमा उल्लिखित म्यादभित्र आवेदन फाराम भर्नुहुनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**१) जम्मा विद्यार्थी माग संख्याः-४८**

| प्रदेश | खुल्ला | | समावेशी सिट संख्या (संघीय आधारमा) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | पूर्ण छात्रवृत्ति | पूर्णशुल्कीय | महिला | आ.ज. | मधेशी | दलित | पि. क्षे. | |
| प्रदेश नं १ | २ | २ | | | | | | |
| प्रदेश नं २ | २ | २ | | | | | | |
| प्रदेश नं ३ | २ | २ | | | | | | |
| प्रदेश नं ४ | २ | २ | ६ | ५ | ४ | १ | १ | |
| प्रदेश नं ५ | २ | २ | | | | | | |
| प्रदेश नं ६ | २ | २ | | | | | | |
| प्रदेश नं ७ | २ | २ | | | | | | |
| निजामति कर्मचारी | ३ | | | | | | | |
| **जम्मा** | १७ | १४ | ६ | ५ | ४ | १ | १ | ४८ |

२) **छात्रवृत्तिः**

परिषदबाट सञ्चालित प्रवेश परीक्षाको उत्तीर्ण योग्यताक्रम अनुरुप उत्कृष्ट प्रत्येक प्रदेशबाट २जना गरी जम्मा १४ (चौध) जनालाई १००% छात्रवृत्ति, समावेशी आधारमा संघीय प्रतिस्पर्धाबाट जम्मा १७ जनालाई ५०% छात्रवृत्ति, निजामति कर्मचारीतर्फ ३ (तीन) जना कर्मचारीलाई १००% छात्रवृत्ति प्रदान गरिने छ। प्रत्येक प्रदेशबाट योग्यताक्रमका आधारमा २ जनाका दरले जम्मा १४ जना पूर्णशुल्कीय विद्यार्थी हुनेछन् ।

**३) आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी, गणित र विज्ञान विषय लिई कम्तीमा ४५% हासिल गरी द्वितीय श्रेणीमा प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ। अक्षरांकन प्रणालीअन्तरगतका विद्यार्थीको हकमा, मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस. ई. ई. परीक्षामा अनिवार्य गणित र विज्ञान विषयमा न्युनतम C ग्रेड र अंग्रेजी विषयमा न्युनतम D+ ग्रेड प्राप्त गरेको हुनुपर्नेछ। आवश्यक न्युनतम शैक्षिक योग्यता नपुगी ग्रेड वृद्धिका लागि एस. ई. ई. को मौका परीक्षामा समावेश हुन पाउने परीक्षार्थीहरुले मार्कसिट र प्रवेश पत्रको प्रतिलिपि सहित आवेदन फाराम भरी परीक्षामा सामेल हुन पाउने छन्, तर यसरी आवेदन फाराम भर्नेहरुको हकमा सोको परीक्षाफल प्रकाशित भई योग्यता नपुग भएमा वा भर्नाका लागि तोकिएको अन्तिम म्याद भित्र तोकिएको योग्यता पुगेको प्रमाणपत्र पेश गर्न नसकेमा निजको परीक्षा स्वतः रद्द हुने गरी कबुलियतनामा गरी आवेदन फाराम भर्न सक्नेछन् ।

ख) आवेदन फाराम भर्ने अन्तिम मितिसम्म मा उमेर २५ वर्ष ननाघेको हुनुपर्नेछ।

ग) नेपाली नागरिक हुनुपर्नेछ ।

घ) निजामती कर्मचारीको हकमा आधारभूत नापी तालिम वा सो सरह उत्तीर्ण गरी नेपाल इञ्जिनियरिङग सेवा, सर्भे समूह मा कम्तीमा तीन वर्ष सेवा गरेको हुनुपर्नेछ ।

ङ) निजामती कर्मचारीको हकमा आवेदन फाराम भर्ने अन्तिम मितिसम्ममा तीन वर्ष स्थायी सेवा पूरा गरेको र उमेर ४५ वर्ष ननाघेको हुनुपर्नेछ।

**४) आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु:**

क)स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइजको दुई प्रति फोटो ।(फोटोको पछाडि नामथर र अध्ययन गर्न चाहेको कार्यक्रम उल्लेख गर्ने)

ख) नेपाली नागरिकता वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

ग)एस. ई.ई. वा प्रा. एस. एल.सी. वा सो सरहको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।

घ) नेपाल बाहेक अन्य मुलकबाट अध्ययन गरी एस. एल. सी. वा सो सरहको शैक्षिक योग्यता प्राप्त गर्नेको हकमा नेपाल सरकारले तोकेको निकायद्वारा समकक्षता निर्धारण गरिएको प्रमाणित प्रतिलिपि ।

ङ) निजामती कर्मचारीको हकमा निजामती सेवा नियमावली, २०५० को नियम १२७(क) बमोजिम अध्ययन पूर्व स्वीकृतिको पत्र तथा नियुक्तिपत्रको प्रतिलिपि ।

च) दलित, आदिवासी, जनजाति तथा मधेसी कोटामा आवेदन दिन चाहने उम्मेदवारहरुले आवेदन साथ सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसपत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

**५) आवेदन फाराम भर्ने तथा बुझाउने सम्बन्धि विबरण:**

| | |
|---|---|
| क)आवेदन फाराम शुल्क:- | रु.१५००।- |
| ख)आवेदन फाराम पाइने स्थान: | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, (website www.lmtc.gov.np) |
| ग)आवेदन फाराम बुझाउने स्थान:- | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल |
| घ) आवेदन फाराम वितरण मिति: | २०७५ असार २० गते देखि |
| ङ) आवेदन फाराम बुझाउने अन्तिम मिति: | २०७५ श्रावण २ गते साँझ ५:०० बजेसम्म( प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले तोके बमोजिम) |
| च)प्रवेश परीक्षा मिति: | मिति २०७५ श्रावण १९ गते बिहान ७:०० बजे ( प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले तोके बमोजिम) |
| छ) परीक्षा समय : | २ घण्टा १५ मिनेट |
| ज) परीक्षा केन्द्र: | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदद्वारा सूचना प्रकाशन गरी तोकिने |

५) तोकिएको मिति भन्दा पछि वा रित नपुगेको दरखास्त उपर कुनै कार्यवाही हुने छैन ।

६) परीक्षा सम्बन्धी अन्य विषयहरु प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद(CTEVT) द्वारा तोकिए बमोजिम हुनेछ।

७) प्रवेश परीक्षा सम्बन्धी थप जानकारी केन्द्रको फोन नं ०११-४१५०५५ मा फोन गरी वा केन्द्रको website www.lmtc.gov.np/ बाट पनि लिन सकिनेछ ।